# प्यूठान जिल्ला अदालत
# खलंगा प्यूठान

मिति २०७८/१/१७

## सुचना

तिब्र गतिमा बिश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्टको कोरोना भाईरस(कोभिड-१९) को संक्रमणको रोकथाम र नियन्त्रणका लागि सम्मानित सर्वोच्च अदालतको मिति २०७८/१/१४ को पूर्ण बैठकको निर्णयानुसार जारी सुचनाको बुँदा नं २ नेपाल सरकारबाट मिति २०७८/१/६ मा जनस्वास्थ्य सम्बन्धी बिभिन्न मापदण्ड सहित जारी आदेश एवं जिल्ला प्रशासन कार्यालय प्युठानबाट संक्रामक रोग ऐन २०२० को दफा २ र स्थानिय प्रशासन ऐन, २०२८ को दफा६(३) बमोजिम मिति २०७८/१/१८ गते देखी मिति २०७८/१/२४ गते सम्मको लागि प्युठान जिल्ला भित्र संचालन हुने यात्रुबहाक सार्वजनिक तथा निजी सवारी साधनहरु संचालन नगर्ने तथा अत्यावश्यक बाहेकका अन्य सार्वजनिक सेवा हाललाई स्थगित गर्ने आदेश जारी भएको सन्दर्भमा सर्वसाधारणको आवागमनमा असहजता भै अदालतका कामकारवाही प्रभावित हुने भएकोले यस अदालतको कामकारवाही तथा प्रवाह हुने सेवामा संकुचन ल्याउनुपर्ने आवश्यकता देखिएकोले सो अवधीभर तपसिल अनुसार गर्ने गरी आज मिति २०७८/१/१७ गते निर्णय भएको हुँदा सम्बन्धीत सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

१.स्थगन गरिने सेवाहरु

क) मुद्दाको पेशी

ख) फिराद दर्ता

ग) साक्षीको बकपत्र

घ) पेशी एवं साधारण तारिख

ङ) हाजिर हुन आउने एवं वारेश अनुमती लगायतका निवेदन पेशी

च) धरौटी फिर्ता रोक्का फुकुवा सम्बन्धी सेवाहरु

छ) फैसला/आदेश/कागजातहरुको प्रमाणित प्रतिलिपि सम्बन्धी सेवाहरु समेत।

२ सुचारु हुने सेवाहरु

क. बन्दीप्रत्यक्षीकरणको निबेदन दर्ता

ख. म्याद थप, पक्राउपुर्जी जारी, जरुरी पक्राउपुर्जी समर्थन, कल डिटेल अनूमति प्रदान।

ग. अभियोगपत्र दर्ता, बयान, थुनछेक।

घ. घरेलु हिंसाको निवेदन दर्ता।

ङ. प्रहरीद्धारा पक्राउ परि आएका फरार प्रतिवादीको बयान तथा थुनछेक।

च. चालु मुद्दाका मिलापत्र तथा मुद्दा फिर्ता

छ. मु.फौ. का. स. २०७४ को दफा १५५ को सुविधाको निवेदनको सुनुवाई।

३. काम कारवाही तथा सेवा प्रभाह स्थगन भएका अवधीका मुद्दा तथा निवेदनमा रहेका हदम्याद, म्याद तारिख नगुज्रने, र यस सम्बन्धी अरु व्यवस्थापकीय पक्षहरु अदालत प्रशासनले मिलाउने।

४. सार्वजनिक सेवा स्थगित गर्ने आदेशमा थप तथा निरन्तरता भएको अवस्थामा यस अदालतको आज भएको निर्णयलाई नै पुनः निरन्तरता दिने ।

२०७८/१/१६

विरेन्द्रप्रकाश खड्का

श्रेस्तेदार